# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्युरो
## बबरमहल,काठमाण्डौ

## प्रेस विज्ञप्ति-५५

## "भिजिट भिसामा कुवेत पुऱ्याई मानव बेचबिखन गर्ने अभियुक्त पक्राउ"



### पक्राउ अभियुक्तको विवरण :-

**नाम:-** डेमा लामा

**उमेर :-३२ वर्ष**

**स्थायी वतन:- जिल्ला सिन्धुपाल्चोक जुगल गाँउपालिका वडा न. ३**

### प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको तथ्यहरु:-

१. अभियुक्तले जाहेरवाला परिवर्तित नाम २६ बबरमहल (३१६) लाई आफ्नो श्रीमती समेत कुवेतमा रहेकोले वर्किङ भिसामा क्लीनरको काममा लगाई दिने प्रलोभन देखाई जाहेरवालाबाट रु.९५,०००।-(पन्चानब्बे हजार) लिई मिति सन् 22 OCT 2023 (मिति २०८०।०७।०५गते) गते **भिजिट भिसामा** कुवेत पुऱ्याएको खुल्न आएको,

२. अभियुक्तले नेपालको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल र कुवेतको एअरपोर्टमा देखाउने कागजातहरु समेत **झुठ्ठा र फरक-फरक** बनाई पठाएको खुल्न आएको,

३. कुवेतको एअरपोर्टमा पुगे पश्चात जाहेरवालालाई अभियुक्तको श्रीमतीले रिसिभ गरी कुवेती नागरिकको घरमा ११५० कुवेती दिनार अर्थात अ.ने.रु.५,००,०००।-(पाँच लाख नेपाली रुपैयाँ) मा **बेचबिखन** गरी कुवेती नागरिकलाई जिम्मा लगाएको खुल्न आएको,

४. कुवेती नागरिकले जाहेरवालालाई **बन्धक बनाई** घरेलु कामदारको रुपमा राखी पारिश्रमिक समेत नदिई **यौन शोषण** तथा चरम श्रम शोषण गरेको खुल्न आएको,

५. जाहेरवाला बेचबिखनमा परेको तीन महिना पछि उक्त स्थानबाट भागी उद्धारको लागि अपिल गर्दै कुवेतस्थित नेपाली दुतावास पुग्दा एजेन्ट अफिसले घरबाट आफु खुशी भागेको आरोप लगाई कुवेतस्थित प्रहरी कार्यालयमा उजुरी दिए पश्चात् तीन दिन प्रहरीको थुनामा बसि १३० केडि (नेपाली रु.५७,०००।-) बुझाई थुना मुक्त भएको खुल्न आएको,

६. जाहेरवाला थुना मुक्त भएपछी कुवेत स्थित नेपाली दुतावासले ट्राभल डकुमेन्ट लगायतका कागजातहरु बनाई दिए पश्चात सन् 12 FEB 2024 (मिति २०८०।१०।२९ गते) नेपाल फर्कन सफल भई मानव बेचबिखन अनुसन्धान ब्युरो,बबरमहल काठमाण्डौमा जाहेरी दरखास्त दिएको,

७. यस घटनामा संलग्न **डेमा लामा**लाई यस ब्यरोबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाण्डौ गोकर्णेश्वर न.पा.-६ स्थितबाट मिति २०८१/०३/२४ गते पक्राउ गरी मानव वेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट **दिन ५(पाँच) को म्याद** थप अनुमति लिई आवश्यक अनुसन्धान कार्य भई रहेको

**मिति: २०८१/०३/२५ गते ।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बर:-९८५१२८११६०**